बागमती प्रदेश सरकार

# कृषि, पशुपन्छी, वन तथा वातावरण मन्त्रालय

हेटौंडा, नेपाल

## विभिन्न अन्तराष्ट्रिय मेला/प्रदर्शनीहरुमा सहआयोजकको रुपमा काम गर्ने सम्बन्धी सूचना

प्रकाशित मितिः २०८३/०६/०६

यस मन्त्रालयको आ.व. २०८३/८४ को स्वीकृत वार्षिक कार्यक्रमअनुसार कृषि तथा पशुपन्छीजन्य उत्पादन, रैथाने तथा स्थानीय कृषि उपज, पुष्प तथा पुष्पजन्य उत्पादन, मूल्य अभिवृद्धि गरिएका कृषि वस्तु, कृषि औजार तथा यन्त्र, कृषि प्रविधि एवं नवीनतम कृषि अभ्यासहरूको राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा प्रवर्धन, प्रचार-प्रसार, प्रदर्शनी तथा बजारीकरणमा सहयोग पुऱ्याउने उद्देश्यले विभिन्न अन्तर्राष्ट्रिय कृषि मेला, पुष्प मेला, कृषि औजार तथा यान्त्रीकरण प्रदर्शनी, कृषि व्यापारिक मेला तथा अन्य सम्बन्धित मेला/प्रदर्शनीहरुमा मन्त्रालयले सहआयोजकको रूपमा कार्यक्रम सञ्चालन गर्नुपर्ने भएको हुँदा इच्छुक आयोजक गैर नाफामुलक निकायहरूबाट देहायबमोजिमको विवरणसहित ७ (सात) दिनभित्र प्रस्ताव पेस गर्न यो सूचना प्रकाशन गरिएको छ।

**प्रस्तावमा समावेश गर्नुपर्ने विवरण**

प्रस्तावसँग देहायका विवरण तथा कागजातहरू अनिवार्य रूपमा संलग्न गर्नुपर्नेछः

१. संस्थाको दर्ता प्रमाणपत्र, कर चुक्ता, स्थाइ लेखा नं. र संस्था नविकरणको प्रतिलिपि।
२. विगतमा आयोजना/व्यवस्थापन गरेका अन्तर्राष्ट्रिय मेला तथा प्रदर्शनीहरूको विवरण।
३. प्रस्तावित मेला/प्रदर्शनीको नाम, आयोजना हुने प्रस्तावित स्थान र मिति।
४. मेला/प्रदर्शनीको प्रकृति, उद्देश्य तथा लक्षित सहभागीहरुकोको विवरण।
५. मन्त्रालय सहआयोजकको रूपमा रहने भूमिका खुलेको विवरण।
६. प्रदेशका कृषक, उत्पादक, कृषि उद्यमी तथा कृषि सहकारीको सहभागिता सुनिश्चित गर्ने आधार।
७. प्रचार-प्रसार, ब्रान्डिङ तथा प्रदेशका उत्पादनको अन्तर्राष्ट्रिय बजार प्रवर्द्धनका लागि गरिने कार्यको विवरण।
८. कार्यक्रमको अनुमानित लागतको विवरण।
९. अन्य सम्बन्धित आवश्यक विवरण तथा कागजातहरू।

सुधीर श्रेष्ठ
प्रदेश सचिव

फोन नं: ०५७-५२५९४७, ५२५९४८ इमेल: molmac@bagamati.gov.np वेवसाइट: http://molmac.bagamati.gov.np